# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०८१।०८।०७ गते ।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी घनश्याम दुवेसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दर्ता भएको गैरकानूनी लाभ वा हानि गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादी घनश्याम दुवेसमेत भएको मुद्दामाः

**प्रतिवादीहरु घनश्याम दुबे र ठाकुरप्रसाद गुरौलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कैद र जरिवाना हुन,

**प्रतिवादीहरु शक्तिप्रसाद सापकोटा र पुष्पा सापकोटालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम मुख्य कसूरदारलाई हुने सजाय सरह सजाय हुन,

मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।११।१७ को फैसलाबाट सफाई दिएको-:

- भ्रष्टाचार निवारण ऐन, २०५९ को प्रयोजन र क्षेत्र विशिष्ट र स्वतन्त्र रही जग्गा (नाप जाँच) ऐन, २०१९ र जग्गा (नाप जाँच) नियमावली २०५८ भन्दा फरक हुँदा कानून अनुरुप भए नभएका त्रुटि जस्ता विषय सोही ऐन बमोजिम जाँचिने भएकाले जग्गा (नाप जाँच) ऐनमा जाँचिने विषयमा त्रुटि हुन गएमा सोही ऐन अन्तरगत जाँच गरिनु पर्ने, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को ब्यवस्थाको आधारमा जग्गा (नाप जाँच) ऐन, २०१९ को उपचार प्रतिस्थापन वा विस्थापन हुने अर्थ गर्नु कानुनी व्यवस्थाको आधारभूत नियम विपरीत भएको,
- व्यक्तिका जग्गाको क्षेत्रफलको विवादमा आयोगको क्षेत्राधिकार पुग्न नसक्नेमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम दावी लिएको र सरकारी सम्पत्ति हिनामिनाको दाबी नरहेको अवस्था तथा मिति २०६७।९।२८ मा भएको कामका विषयमा मिति २०७९।१०।०५ मा प्रस्तुत आरोपपत्र दायर भएको देखिदा आयोगको क्षेत्राधिकार र हदम्याद समेतको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा १३(२) बमोजिम खारेज भएको,

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०८।०७ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- प्रतिवादीहरुले रुपन्देही जिल्ला, साविक सेमलार गा.वि.स. वडा नं. २ग कि.नं. ३५९४ कित्ताकाट गरी कि.नं. ४१९१ र ४१९२ कायम गर्दा कि.नं. ४१९१ लाई कि.नं. ३४९४ र कि.नं. ३५८८ को विचमा घुसाई कि.नं. ३४८३ को क्षेत्रफल घटाई नक्सा परिवर्तन गरी नापी कार्यालय सरकारी निकायको कागजातमा गैरकानूनी तरिकाले थपघट वा हेरफेर गर्ने कार्य गरेकोले निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सजाय गरी पाउने मागदावी लिई आरोपपत्र दायर गरीएकोमा विशेष अदालतबाट प्रस्तुत मुद्दा फैसला हुँदा क्षेत्राधिकार समेतको आधारमा मुद्दा खारेज गरेको। मुद्दा खारेज गर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ ले जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११ मा रहेको त्रुटि सच्याउने प्रावधानलाई

संकुचित र प्रतिस्थापान गर्न नपाउने भनी मुद्दा खारेज गरेको फैसला भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५९ को मर्म विपरीत देखिएको। भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ११ को व्याख्या गर्दा सोही ऐनको दफा ५९ को मर्म अनुसार ब्याख्या गर्नु पर्नेमा जग्गा नाप जाँच ऐनको प्रावधानसँग तादम्यता कायम गर्न मुद्दा खारेज गरेको फैसला त्रुटिपूर्ण रहेको।

- प्रस्तुत मुद्दा देवानी प्रकृतिको भएको र देवानी विषयमा फौजदारी कसुर आकर्षित नहुने, क्षेत्राधिकार र हदम्यादको अभाव देखाई मुद्दा खारेज गर्ने गरी फैसला भएको।प्रस्तुत मुद्दाको विवादको विषय प्रतिवादी मध्येका पुष्पा सापकोटाले निजका पति प्रतिबादी शक्तिप्रसाद सापकोटाबाट हालैको वकसपत्रबाट रुपन्देही जिल्लाको साविक सेमलार गा.वि.स.को वडा नं २(ग) कित्ता नं ३४३७ को साविक जग्गाको अवस्था हेर्दा क्षेत्रफल ६-१९३/४मध्ये दिने मोहन वस्याल र प्रेम वस्याल लिने उषा बेल्बासेलाई कित्ताकाट गरी कि.नं. ३४८३ क्षेत्रफल ज.वि. ०-०-११ कैफियतमा पश्चिम मोहडा ५० फिट कायम रहने गरी भन्ने व्यहोरा जनाई मालपोत कार्यालय रुपन्देहीबाट पारित भएको देखिएको। विवादित कित्ताको विभिन्न मितिमा कित्ताकाट भई यस प्रकार कायम हुन आएको देखिएको।

| कित्ताकाट भएको मिति | काटिएका कित्ता नं. | कायम भएका कित्ताहरु |
|---|---|---|
| २०६७/०४/१८ | ३४२० | ३४३३, ३४३४, ३४३५, ३४३६, ३४३७ |
| २०६७/०९/२८ | ३४३७ | ३४८२, ३४८३, ३४८४, ३४८५, ३४८६ |
| २०६८/०७/२२ | ३४८६ | ३५८६, ३५८७, ३५८८, ३५८९ |
| २०६८/०७/३० | ३५८९ | ३५९४, ३५९५ |
| २०७१/०४/०२ | ३५९४ | ४१९१, ४१९२ |

कित्ताकाट हुँदाको कि.नं ३४८३ को ट्रेश नक्सा र हाल प्रचलनमा रहेको नक्सा फरक परेको र क्षेत्रफल घटेको देखिएको। फिल्डमा उक्त कि.नं. ३४८३ को क्षेत्रफल ज.वि. ०-०-९ मात्र रहेको देखिएको।भोग चलनमा रहेको जग्गा पनि नक्सा अनुसार नै रहेको भन्ने स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनबाट देखिएको। जब उक्त जग्गाको कित्ता नं ३५९४ कित्ताकाट भई कि.नं. ४१९१ र ४१९२ कायम हुँदाको नक्सा फरक परेको देखिएको। यसरी साविक ३४३७ बाट कित्ताकाट भई ३४८६ समेत भएको,३४८६ कित्ताकाट हुँदा ३५८९ कायम भएको, ३५८९ बाट कित्ताकाट हुँदा ३५९४, ३५९४ बाट कित्ताकाट हुँदा ४१९१ र४१९२ भएको देखिएको। उक्त ४१९१ कित्ताको जग्गा प्रतिवादी शक्तिप्रसाद सापकोटाको श्रीमती पुष्पा सापकोटाको नाममा कायम गरी कित्ता नं ३४३४ र ३५८८ को बीचमा घुसाई साविक कित्ता नं ३५९४ कित्ता जग्गालाई कित्ताकाट गरी सो ठाउँमा कि.नं ४१९२ मा भोग गर्ने र नयाँ ठाउँमा कि.नं. ४१९१ बाट थप ज.वि.०-०-६.५ क्षेत्रफल जग्गा गरी आफूहरूले फाइदा लिने उद्देश्यले कित्ता नं. को जग्गा ३४८३ को क्षेत्रफल घटाइ फाइदा लिएको र उक्त कार्यमा प्रतिबादी घनश्याम दुवे र ठाकुरप्रसाद गुरौले आफ्नो पदिय जिम्मेवार वमोजिमको कार्य नगरी गलत तरिकाले नक्सा सच्याई जग्गाको क्षेत्रफल नै फरक पारी सरकारी कागज सच्याएको पुष्टि भएको अवस्थामा दुनियावादी मुद्दाको विषय भनि गलत व्याख्या गरी आयोगको क्षेत्राधिकारलाई नै सिमित तुल्याउने खुम्च्याउने गरी मुद्दा खारेज गर्ने गरी भएको फैसला त्रुटिपूर्ण भएको।

- प्रतिबादीहरू उपर आरोपदावी गर्दा हदम्याद समेत सकिएको भन्ने विशेष अदालतबाट लिएको आधार समेत त्रुटिपूर्ण रहेको । प्रस्तुत मुद्दाको उजुरी मिति २०७७।४।२० मा यस आयोगमा उजुरी परी आयोगबाट मिति २०७७।०४।२१ मा उजुरी दर्ता भई मिति २०७९।१०।०५ मा २ वर्ष करीब १४ दिनमा भित्रै अभियोग दर्ता भएकोमा उक्त प्रमाणहरूलाई अन्देखा गरी मिति २०६७।०९।२८ मा राजिनामा पारित भएको सोही मितिमा कित्ताकाट भएको कुरालाई आधार मानी सोही मितिबाट ५ वर्ष भित्र मुद्दा दायर नभएको भनी मुद्दा खारेज गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको।यसै सन्दर्भमा प्रमिला राई श्रेष्ठ विरुद्ध नेपाल सरकार

ने.का.प. २०६८ नि.नं. ६८९७ मा वारदात भएको मितिलाई व्याख्या गर्दा वारदात पहिला भएको र त्यसको प्रकाश पछी भएको अवस्थामा वारदात भएको मितिलाई मात्र वारदात भएको मिति मानेर सिमित हदम्यादको व्याख्या गर्न नमिल्ने भनि सिद्धान्त प्रतिपादित भइरहेको सन्दर्भमा भ्रष्टाचारजन्य मुद्दामा कार्य भएको मिति मानेर सो मितिले सिमित हदम्यादको व्याख्या लागु गर्न नमिल्ने सिद्धान्त अनुसार पनि प्रस्तुत मुद्धामा २०६७/९/२८ मा राजिनामा पारित भएको, सो समयमा भ्रष्टाचारजन्य कसुरको प्रश्न नउठी गोप्य नै रहेको र मिति २०७७/४/२१ मा उजुरी दर्ता भई २०७९/१०/०५ मा आरोपपत्र दायर भएको देखिँदा प्रस्तुत आरोपपत्र हदम्याद भित्रको देखिँदा देखिँदै खारेज गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु घनश्याम दुवे, ठाकुर प्रसाद गुरौ, शक्ति प्रसाद सापकोटा र पुष्पा सापकोटा मु.नं (०७९-CR-००८१) फैसला मिति २०८०।१ १।१७ पु.वे. गर्ने निर्णय नं. ५०४ मिति २०८१/० ७/३० | गैरकानूनी तरिकाले नक्सा हेरफेर गरी भ्रष्टाचार गरेको। | प्रतिवादी नापी कार्यालय, रुपन्देहीका तत्कालीन नापी अधिकृत घनश्याम दुबे र सर्वेक्षक ठाकुरप्रसाद गुरौले सरकारी निकायको कागजातमा गैरकानुनी तरिकाले थपघट वा हेरफेर गर्ने कार्य गरेको देखिँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कैद र जरिबानाको समेतको मागदाबी रहेको छ ।<br>प्रतिवादीहरु शक्तिप्रसाद सापकोटा र पुष्पा सापकोटाको हकमा: प्रतिवादीहरुले फाइदा लिने उद्देश्यले कित्ता नम्बर ३४८३ को क्षेत्रफल घटाई | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>• भ्रष्टाचार निवारण ऐन,२०५९को प्रयोजन र क्षेत्र विशिष्ट र स्वतन्त्र रही जग्गा (नाप जाँच)ऐन,२०१९ र जग्गा (नाप जाँच)नियमावली २०५८ भन्दा फरक हुँदा कानून अनुरुप भए नभएका त्रुटि जस्ता विषय सोही ऐन बमोजिम जाँचिने भएकाले जग्गा (नाप जाँच) ऐनमा जाँचिने विषयमा त्रुटि हुन गएमा सोही ऐन अन्तरगत जाँच गरिनु पर्ने,भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा११ को व्यवस्थाको आधारमा जग्गा (नाप जाँच) ऐन,२०१९को उपचार प्रतिस्थापन वा विस्थापन | **उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ।**<br>• विशेष अदालतले यि प्रतिवादीहरुले मिति २०७१/०४/०२ मा रुपन्देही जिल्ला, साविक सेमलार गा.वि.स. वडा नं. २ग कि.नं. ३५९४ कित्ताकाट गरी कि.नं. ४१९१ र ४१९२ कायम गर्दा कि.नं. ४१९१ लाई कि.नं. ३४९४ र कि.नं. ३५८८ को विचमा घुसाई कि.नं. ३४८३ को क्षेत्रफल घटाई नक्सा परिवर्तन गरी नापी कार्यालय सरकारी निकायको कागजातमा गैरकानूनी तरिकाले थपघट वा हेरफेर गर्ने कार्य गरेकोले निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ वमोजिम सजाय गरी पाउने मागदावी लिई आरोपपत्र दायर गरीएकोमा विशेष अदालतबाट प्रस्तुत मुद्दा फैसला हुँदा क्षेत्राधिकार समेतको आधारमा मुद्दा खारेज गरेको अवस्था देखिन्छ। मुद्दा खारेज गर्दा भ्रष्टाचार निवारण ऐन,२०५९को दफा११ले जग्गा (नाप जाँच)ऐन,२०१९ को दफा ११ मा रहेको त्रुटि सच्याउने प्रावधानलाई संकुचित र प्रतिस्थापान गर्न नपाउने भनी मुद्दा खारेज गरेको फैसला भ्रष्टाचार निवारण ऐन,२०५९को दफा ५९को मर्म विपरीत देखिन्छ। भ्रष्टाचार निवारण ऐन,२०५९को दफा ५९मा भ्रष्टाचार सम्वन्धी विशेष व्यवस्थाको प्रवन्ध गरी कुनै राष्ट्र सेवक वा अन्य कुनै व्यक्तिले यस ऐन अन्तरगत कसुर मानिने कुनै काम गरेको वा त्यस्तो काम गर्ने सिलसिलामा अन्य प्रचलित कानुन बमोजिम कसुर मानिने कुनै काम समेत गरेको रहेछ भने निज उपर अन्य प्रचलित कानुन बमोजिम छुट्टै मुद्दा चलाउन बाधा पर्ने छैन भनी उल्लेख भएको छ।साथै कुनै राष्ट्र सेवक वा अन्य कुनै व्यक्तिले यस ऐन अन्तरगतको कसुर मानिने कुनै काम गर्दा वा त्यस्तो काम गर्ने सिलसिलामा कुनै व्यक्तिको हक सम्पत्ति वा सरोकार उपर पनि प्रतिकूल असर परेको रहेछ भने त्यस्तो व्यक्तिले कुनै मुद्दा दायर गर्ने बाधा पर्ने छैन भनी उल्लेख भएकाले प्रतिवादी उपर अन्य प्रचलित कानून बमोजिम कारवाही गर्न रोक लगाएको अवस्था देखिदैन।यस्तो कानूनी व्यवस्था रहदा रहदै भ्रष्टाचार मुद्दाका प्रतिबादीलाई सफाइ दिन मुद्दा नै खारेज गरेको फैसला त्रुटिपूर्ण छ।भ्रष्टचार निवारण ऐन,२०५९को दफा ११को व्याख्या गर्दा सोही ऐनको दफा ५९को मर्म अनुसार ब्याख्या गर्नु पर्नेमा जग्गा नाप जाँच ऐनको प्रावधान सँग तादम्यता कायम गर्न मुद्दा खारेज गरेको फैसला त्रुटिपूर्ण देखिन्छ।<br>• विशेष अदालतले मुद्दा खारेज गर्दा भ्रष्टाचार निवारण ऐन,२०५९को दफा११ले जग्गा (नाप जाँच)ऐन,२०१९को प्रावधानबाट त्रुटि सच्याउने प्रावधानलाई संकुचित र प्रतिस्थापान गर्न नपाउने भनी मुद्दा खारेज गरेको फैसला भ्रष्टाचार निवारण ऐन,२०५९को दफा ५९को मर्म विपरीत देखिन्छ।भ्रष्टाचार निवारण ऐन,२०५९को दफा ५९मा भ्रष्टाचार सम्वन्धी विशेष व्यवस्थाको प्रवन्ध गरी कुनै राष्ट्र सेवक वा अन्य कुनै व्यक्तिले यस ऐन अन्तरगत कसुर मानिने कुनै काम गरेको वा त्यस्तो काम गर्ने सिलसिलामा |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>नक्सा परिवर्तन गर्ने कार्यमा सहयोग गरेकी देखिँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको देखिएकोले निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम मुख्य कसूरदारलाई हुने सजाय सरह सजाय हुन समेतको मागदाबी रहेको छ ।</td>
<td>हुने अर्थ गर्नु कानुनी व्यवस्थाको आधारभूत नियम विपरीत हुने।<br>व्यक्तिका जग्गाको क्षेत्रफलको विवादमा आयोगको क्षेत्राधिकार पुग्न नसक्नेमा भ्रष्टाचार निवारण ऐन,२०५९को दफा ११ बमोजिम दावी लिएको र सरकारी सम्पत्ति हिनामिनाको दाबी नरहेको अवस्था तथा मिति २०६७।९।२८ मा भएको कामका विषयमा मिति २०७९।१०।०५ मा प्रस्तुत आरोपपत्र दायर भएको देखिदा आयोगको क्षेत्राधिकार र हदम्याद समेतको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८को दफा १३(२) बमोजिम खारेज हुने।</td>
<td>अन्य प्रचलित कानुन बमोजिम कसुर मानिने कुनै काम समेत गरेको रहेछ भने निज उपर अन्य प्रचलित कानुन बमोजिम छुट्टै मुद्दा चलाउन बाधा पर्ने छैन भनी उल्लेख भएको छ।साथै कुनै राष्ट्र सेवक वा अन्य कुनै व्यक्तिले यस ऐन अन्तरगतको कसुर मानिने कुनै काम गर्दा वा त्यस्तो काम गर्ने सिलसिलामा कुनै व्यक्तिको हक सम्पत्ति वा सरोकार उपर पनि प्रतिकूल असर परेको रहेछ भने त्यस्तो व्यक्तिले कुनै मुद्दा दायर गर्ने बाधा पर्ने छैन भनी उल्लेख भएकाले प्रतिवादी उपर अन्य प्रचलित कानून बमोजिम कारवाही गर्न रोक लगाएको अवस्था देखिदैन।यस्तो कानूनी व्यवस्था रहदा रहदै भ्रष्टाचार मुद्दाका प्रतिबादीलाई सफाइ दिन मुद्दा नै खारेज गरेको फैसला त्रुटिपूर्ण छ। जग्गा नाप जाँच ऐन,२०१९ को दफा ११ को भ्रष्टचार निवारण ऐन, २०५९ को व्याख्या गर्दा सोही ऐनको दफा ५९को मर्म अनुसार ब्याख्या गर्नु पर्नेमा जग्गा नाप जाँच ऐनको प्रावधान सँग तादम्यता कायम गर्न मुद्दा खारेज गरेको फैसला त्रुटिपूर्ण रहेको छ।<br>• विशेष अदालतको फैसलाले प्रस्तुत मुद्दा देवानी प्रकृतिको भएको र देवानी विषयमा फौजदारी कसुर आकर्षित नहुने र मिति २०६७।०९।२८ मा भएको कामको विषयमा मिति २०७९।१०।०५ मा प्रस्तुत आरोप पत्र दायर भएकोले क्षेत्राधिकार र हदम्यादको अभाव देखाई मुद्दा खारेज गर्ने गरी फैसला भएको देखिन्छ।प्रस्तुत मुद्दाको विवादको विषय प्रतिवादी मध्येका पुष्पा सापकोटाले निजका पति प्रतिबादी शक्तिप्रसाद सापकोटाबाट हालैको वकसपत्रबाट रुपन्देही जिल्लाको साविक सेमलार गा.वि.स.को वडा नं २(ग) कित्ता नं ३४३७ को साविक जग्गाको अवस्था हेर्दा क्षेत्रफल ६-१९$^{३/४}$मध्ये दिने मोहन वस्याल र प्रेम वस्याल लिने उषा बेल्बासेलाई कित्ताकाट गरी कि.नं. ३४८३ क्षेत्रफल ज.वि. ०-०-११ कैफियतमा पश्चिम मोहडा ५० फिट कायम रहने गरी भन्ने व्यहोरा जनाई मालपोत कार्यालय रुपन्देहीले र.नं. १४२८ (क) मिति २०६७।०९।२८ मा पारित भएको देखिन्छ। विवादित कित्ताको विभिन्न मितिमा कित्ताकाट भई यस प्रकार कायम हुन आएको देखिन्छ।
<table>
<tr><th>कित्ताकाट भएको मिति</th><th>काटिएका कित्ता नं.</th><th>कायम भएका कित्ताहरु</th></tr>
<tr><td>२०६७/०४/१८</td><td>३४२०</td><td>३४३३, ३४३४, ३४३५, ३४३६, ३४३७</td></tr>
<tr><td>२०६७/०९/२८</td><td>३४३७</td><td>३४८२, ३४८३, ३४८४, ३४८५, ३४८६</td></tr>
<tr><td>२०६८/०७/२२</td><td>३४८६</td><td>३५८६, ३५८७, ३५८८, ३५८९</td></tr>
<tr><td>२०६८/०७/३०</td><td>३५८९</td><td>३५९४, ३५९५</td></tr>
<tr><td>२०७१/०४/०२</td><td>३५९४</td><td>४१९१, ४१९२</td></tr>
</table>
सो मितिमा कित्ताकाट हुँदाको कि.नं ३४८३को ट्रेश नक्सा र हाल प्रचलनमा रहेको नक्सा फरक परेको र क्षेत्रफल घटेको देखिन्छ। फिल्डमा उक्त कि.नं.३४८३ को क्षेत्रफल ज.वि. ०-०-९ मात्र रहेको देखिन्छ।भोग चलनमा रहेको जग्गा पनि नक्सा अनुसार नै रहेको भन्ने मिति २०७८।०४।२४ को स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनबाट देखिन्छ। जब उक्त जग्गाको मिति २०७१।०४।०२ मा कित्ता नं ३५९४ कित्ताकाट भई कि.नं. ४१९१ र ४१९२ कायम हुँदाको नक्सा फरक परेको देखिन्छ। यसरी साविक ३४३७ बाट कित्ताकाट भई ३४८६ समेत भएको,३४८६ कित्ताकाट हुँदा ३५८९ कायम</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भएको, ३५८९ बाट कित्ताकाट हुँदा ३५९४, ३५९४ बाट कित्ताकाट हुँदा ४१९१ र४१९२ भएको देखिन्छ। उक्त ४१९१ कित्ताको जग्गा प्रतिवादी शक्तिप्रसाद सापकोटाको श्रीमती पुष्पा सापकोटाको नाममा कायम गरी कित्ता नं ३४३४ र ३५८८ को बीचमा घुसाई साविक कित्ता नं३५९४ कि जग्गालाई कित्ताकाट गरी सो ठाउँमा कि.नं ४१९२ मा भोग गर्ने र नयाँ ठाउँमा कि.नं. ४१९१ बाट थप ज.वि.०-०-६.५ क्षेत्रफल जग्गा गरी आफूहरूले फाइदा लिने उद्देश्यले कित्ता नं. को जग्गा ३४८३ को क्षेत्रफल घटाइ फाइदा लिएको र उक्त कार्यमा प्रतिबादी नापीका कर्मचारी  नापी अधिकृत घनश्याम दुवे र सर्वेक्षक ठाकुरप्रसाद गुरौले नक्सा हेरफेर गरेको देखिन्छ। यसरी नापी कार्यालय, रुपन्देहीमा बहाल रहेका यि प्रतिवादीहरु घनश्याम दुवे र ठाकुर प्रसाद गुरौले आफ्नो पदिय जिम्मेवार वमोजिमको कार्य नगरी गलत तरिकाले नक्सा सच्याई जग्गाको क्षेत्रफल नै फरक पारी सरकारी कार्यालयमा रहेको कागज सच्याएको पुष्टि भईरहेको अवस्थामा निज राष्ट्रसेवक कर्मचारीहरुले अन्य प्रतिवादीहरुसँग मिलेमतो गरी गरेको भ्रष्टाचार जन्य कसुर गरेको तथ्य पुष्टि भइरहेको अवस्थामा दुनियावादी मुद्दाको विषय भनि गलत व्याख्या गरी आयोगको क्षेत्राधिकारलाई नै सिमित तुल्याउने खुम्च्याउने गरी मुद्दा खारेज गर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ।<br>प्रतिबादीहरू उपर आरोपदावी गर्दा हदम्याद समेत सकिएको भन्ने विशेष अदालतबाट लिएको आधार समेत त्रुटिपूर्ण रहेको छ। प्रस्तुत मुद्दाको उजुरी मिति २०७७।४।२० मा यस आयोगमा उजुरी परी आयोगबाट मिति २०७७।०४।२१ मा उजुरी दर्ता भई मिति २०७७।०९।२१ मा अनुसन्धान अधिकृत तोकिएको र मिति २०७९।१०।०५मा २ वर्ष करीब १४ दिनमा भित्रै अभियोग दर्ता भएकोमा उक्त प्रमाणहरूलाई अन्देखा गरी मिति २०६७।०९।२८ मा राजिनामा पारित भएको सोही मितिमा कित्ताकाट भएको कुरालाई आधार मानी सोही मितिबाट ५ वर्ष भित्र मुद्दा दायर नभएको भनी मुद्दा खारेज गरेको विशेष अदालतको फैसला मिशिल संलग्न प्रमाणको मूल्याङ्कन नभई भएको देखिदा त्रुटिपूर्ण रहेको यसै सन्दर्भमा प्रमिला राई श्रेष्ठ विरुद्ध नेपाल सरकार ने.का.प. २०६८ नि.नं. ६८९७ मा वारदात भएको मितिलाई व्याख्या गर्दा वारदात पहिला भएको र त्यसको प्रकाश पछी भएको अवस्थामा वारदात भएको मितिलाई मात्र वारदात भएको मिति मानेर सिमित हदम्यादको व्याख्या गर्न नमिल्ने भनि सिद्धान्त प्रतिपादित भइरहेको सन्दर्भमा भ्रष्टाचारजन्य मुद्दामा कार्य भएको मिति मानेर सो मितिले सिमित हदम्यादको व्याख्या लागु गर्न नमिल्ने सिद्धान्त अनुसार पनि प्रस्तुत मुद्धामा २०६७/९/२८ मा राजिनामा पारित भएको, सो समयमा भ्रष्टाचारजन्य कसुरको प्रश्न नउठी गोप्य नै रहेको र मिति २०७७/४/२१ मा उजुरी दर्ता भई २०७९/१०/०५ मा आरोपपत्र दायर भएको देखिँदा प्रस्तुत आरोपपत्र हदम्याद भित्रको देखिँदा देखिँदै खारेज गर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ। |